# अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

त्रिवेणी नगरपालिका

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड २०७४ | संख्या ०१ | मितिः २०७४./११/३० |

**भाग-१**

**त्रिवेणी नगरपालिका**

## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधी, २०७४

आज्ञाले,

खगेन्द्र साउद

नि.प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय राजपत्र

## त्रिवेणी नगरपालिकाद्वारा प्रकाशित

**७ नं. प्रदेश, तोली,बाजुरा फाल्गुण ३० गते बुधबार,२०७४ साल संख्याः १**

भाग □ १


## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधी, २०७४

**१.<u>परिचय</u> :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम त्रिवेणी नगरकार्यपालिकाले यो कार्यविधी बनाई लागू गरेकोछ ।

**२.<u>परिचय-पत्र वितरणका आधार</u> :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३.<u>उद्देश्य</u> :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपता का लागी अनुसूची २ को ढांचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४.<u>लक्षित वर्ग</u> :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार का साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५.ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएकोछ :

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

**६.परिचय-पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७.ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा :**

ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ। उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ ।

**८.परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनु पर्नेछ। यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी वडा अध्यक्ष वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा नगरपालिका कार्यालय मार्फत वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

च) यस नगरपालिका वाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाण पत्र भएमा अनिवार्य रुपमा निजले वसाई सराई वा मतदाता परिचय पत्र पेश गर्नु पर्नेछ ।

छ) यस पूर्व महिला तथा वालवालिका कार्यालयवाट ज्येष्ठ नारिकहरुले प्राप्त गरेको परिचयपत्र यसै कार्यविधी बमोजिम भए गरेको हुनेछ ।

**९.विविध :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) नगरपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

अनुसूची १

**त्रिवेणी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,तोली बाजुरा**

७ नं. प्रदेश, नेपाल

**ज्येष्ठ नागरिक परिचय-पत्र**

kmf]6f]
***Photo***

***Senior Citizenship Card***

प्र.प. नं :-

**Card No.**

नाम थर : ............................................ राष्ट्रियता

Name…………………………

Nationality………………………

ना.प्र.प.नंः .......... Citizenship No.

ठेगाना : जिल्ला ...................न.पा.: ................ वडा नं. ..... टोल/गाउं .........

Address……………District…………….Municipality……… ….. Village ward No ……………….Tole/Village………..Province No.

उमेरः ........... लिङ्गः ........... जन्म मिति ....................................................

Age ……………… Sex………..Date of birth ………………

उपलब्ध छुट तथा सुविधाहरु : ...................................

Available Service………………………………

पति/पत्नी/छोरा/छोरी को नाम : ..........................................................

Name of Wife/Husband/ Daughter/son………………….
हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ………………………………………………
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :……………………………………
Name of caretaker, Contact No.
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नामः……………………
Blood Group …………..Diseases Name…………………….Name of drugs ……………………………

प्रमाणित गर्ने :-
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

अनुसूची २

ज्येष्ठ नागरिक परिचय-पत्र अभिलेख विवरण

............जिल्ला....................................नगरपालिका..............................वडानं......
....प्रदेश.......................

| सि.नं. | नाम,थर | जन्म मिति | वुवा/आमा को नाम,थर | वाजेको नाम,थर | पति/पत्नी को नाम,थर | संरक्ष को नाम, थर | ना.प्र.न. तथा जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचय पत्र नं तथा जारी मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>तयार गर्ने</u>
नाम,थरः
पद :

<u>प्रमाणित गर्ने</u>
नाम,थर
पदः

आज्ञाले,
खगेन्द्र साउद
नि.प्रमुख प्रशासकीय अधिकृत